# बागमती प्रदेश सरकार

## स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, हेटौंडा

## विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सचिवालय

## नवप्रवर्तनात्मक अनुसन्धान सम्बन्धी आइडिया अवधारणा प्रस्ताव आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८३/०४/२१

प्रविधिमा आधारित अर्थतन्त्रको सुदृढिकरणका लागि वैज्ञानिक नवप्रवर्तनात्मक पद्धतिलाई अवलम्वन गर्दै बागमती प्रदेश सरकारले विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको स्थापना गरेको छ। कोषले विज्ञान र प्रविधि क्षेत्रका नवप्रवर्तनात्मक अनुसन्धानमा गरिने लगानीबाट विकसित प्रविधि र परिणाममुखी नतिजाको माध्यमबाट प्रदेशको आर्थिक विकास र नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउनु कोषको मुलभूत उद्देश्य हो। यसै अनुरुप कोषले नवप्रवर्तनात्मक अनुसन्धान र प्रविधि विकास गर्न आइडिया छनोट (**Idea Pooling**) कार्यक्रममा सहभागी हुन चाहनेहरुलाई तपसिल बमोजिमका कागजातसहित आफ्नो नवप्रवर्तनात्मक अनुसन्धान सम्बन्धी आइडिया अवधारणा प्रस्ताव कोष सचिवालयको ठेगाना (स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, हेटौंडा) वा **stikosh2026@gmail.com** ईमेल मार्फत् पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित शर्त पुरा नगरेका प्रस्तावहरु मान्य हुने छैन। अवधारणा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार कोषमा निहित रहने छ। आयोजना अवधारणा पत्रको ढाँचा र अवधारणापत्र सम्बन्धी विस्तृत विवरण कोषको सचिवालय वा इमेल मार्फत् प्राप्त गर्न सकिनेछ ।

<u>आइडिया अवधारणा प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात एवम् शर्तहरु</u>

१. आवेदकले उल्लेखित विषयगत क्षेत्रहरुमा आफ्नो आइडिया अवधारणा प्रस्ताव पेश गर्नुपर्नेछ।

२. कोषले तयार गरेको ढाँचामा प्रस्ताव लेख्नु पर्नेछ, ढाँचा बेगरका प्रस्तावहरू स्वतः रद्द हुनेछन्।

३. आवेदकले बागमती प्रदेश भित्र कार्य गर्ने प्रतिबद्धतापत्र पेश गर्नु पर्नेछ।

४. आवेदकले काम गर्न प्रदेश भित्रका सार्वजनिक संस्था/ अनुसन्धान प्रतिष्ठानबाट आवश्यक सहमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ।

५. आवेदनसँगै मेन्टरको सहमतिपत्र र वायोडाटा समेत पेश गर्नु पर्नेछ। सम्बन्धित विषय मेन्टर उपलब्ध हुन नसकेमा कोषमा आइडिया प्रस्तावसँगै मेन्टर उपलब्धका लागि आवेदन दिन सकिनेछ।

६. अवधारणा पत्र आवेदनका लागि कुनै शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।

७. आइडिया प्रस्तावमा व्यक्तिगत पहिचान खुल्ने पाना बाहेक अन्य कुनै पनि पानामा प्रस्तावकको पहिचान वा परिचय दिने खालका साङ्केतिक चिह्न वा सङ्केत पाईएमा त्यस्ता प्रस्तावहरू स्वतः रद्द हुनेछन्।

८. प्रस्तावकको नागरिकता, राष्ट्रिय परिचयपत्र, स्थायी लेखा नं., शैक्षिक योग्यताका प्रमाण पत्रहरू, कार्य अनुभवको पत्र, वायोडाटा, लगायत सबै संलग्न गरिनुपर्ने कागजातहरू अवधारणा प्रस्ताव साथ एकमुष्ठमा पेश गर्नुपर्नेछ।

९. आइडिया अवधारणा प्रस्तावको ढाँचा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको वेवसाइटबाट डाउनलोड गर्न र अवधारणापत्र कोषको सचिवालयको इमेल **stikosh2026@gmail.com** मार्फत पेश गर्न सकिनेछ।

१०. थप जानकारीको लागि कोष सचिवालयको सम्पर्क नं. ९८५५०३३५६८/९८१४५०६९१६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

२०८३/०४/२१